आज मिति २०८१।०८।१४ गते बिहान ८:०० बजे बुद्धभूमि नगरपालिका नगर कार्यपालिकाको बैठक बुद्धभूमि नगरपालिकाका नगर प्रमुख श्री केशव कुमार श्रेष्ठ ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाका पदाधिकारी सदस्य ज्यूहरु र कर्मचारीहरुको उपस्थिति देहाय बमोजिम रहेयो ।

**उपस्थिति**

| क्र.स. | नाम, थर | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री केशव कुमार श्रेष्ठ | नगर प्रमुख | बुद्धभूमि न.पा. १ | |
| २ | श्री मिरा थारु | उप प्रमुख | बुद्धभूमि न.पा. २ | |
| ३ | श्री तेज बहादुर बस्नेत | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १ | |
| ४ | श्री सुरज प्रताप राणा | वडा अध्यक्ष | बुद्धभूमि न.पा. २ | |
| ५ | श्री गोविन्द प्रसाद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ३ | |
| ६ | श्री सुसिल कुमार चौधरी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ४ | |
| ७ | श्री रोम बहादुर थापा क्षेत्री | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ५ | |
| ८ | श्री ऐलेन्द्र प्रसाद कुर्मी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ६ | |
| ९ | श्री शालिकराम यादव | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ७ | |
| १० | श्री कपिलदेव तिवारी | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ८ | |
| ११ | श्री प्रमोद आचार्य | वडा अध्यक्ष | बुद्धभूमि न.पा. ९ | |
| १२ | श्री सन्दीप कुमार पान्डेय | वडा अध्यक्ष | बुद्धभूमि न.पा. १० | |
| १३ | श्री कमला चौधरी | का. सदस्य | बुद्धभूमि न.पा. १ | |
| १४ | श्री शिवाली थारु | का. सदस्य | बुद्धभूमि न.पा. २ | शिवाली |
| १५ | श्री अनिता कुमारी पासी | का. सदस्य | बुद्धभूमि न.पा. ६ | अनिता |
| १६ | श्री विमला देवी कुर्मी | का. सदस्य | बुद्धभूमि न.पा. ८ | विमला |
| १७ | श्री अनिता देवी यादव | का. सदस्य | बुद्धभूमि न.पा. ९ | अनिता |
| १८ | श्री प्रभावती लोहार | का. सदस्य | बुद्धभूमि न.पा. ७ | प्रभावती |
| १९ | श्री तारादेवी सुनार | का. सदस्य | बुद्धभूमि न.पा. ४ | |
| २० | श्री कमलेश बरई | का. सदस्य | बुद्धभूमि न.पा. १० | |
| २१ | श्री चुरामणी पन्थी | सदस्य-सचिव | बुद्धभूमि न.पा. | |

**मिति :२०८१।०८।१४ गते बिहान ८:०० बजे बुद्धभूमि नगर कार्यपालिका बैठकको निर्णयहरू:** बैठक नं. ०६/२०८१।०८२

१. **अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय:** मिति २०८१।०७।२५ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा गरियो। साथै कार्यान्वयनको क्रममा रहेका निर्णयहरू तदारूकताका साथ कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

२. **आय व्यय सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको आ.व. २०८१।०८२ को मिति २०८१।८।१३ गते सम्मको आर्थिक प्रशासन शाखाबाट प्राप्त विवरण अनुसार चालु तर्फ १९.२२ प्रतिशत तथा पूँजीगत खर्च तर्फ ५.१९ प्रतिशत रकम खर्च भएको जानकारी प्राप्त भयो। साथै आन्तरिक राजश्व तर्फ १ करोड ३ लाख ३९ हजार २३६ रुपैयाँ प्राप्त भएको जानकारी प्राप्त भयो।

३. **हिउँदे नगर अधिवेशनको मिति तोक्ने सम्बन्धमा।**

**निर्णय :** बुद्धभूमि नगरपालिकाको सोह्रौ नगर सभाको हिउँदे अधिवेशन मिति २०८१।०९।०८ गते सोमबार दिउँसो १:०० बजे यस नगरपालिकाको बहुउद्देश्यीय सभाहल, हनुमानचोक, बुड्ढीमा बस्ने निर्णय गरियो।

४. **नगर अधिवेशनमा संशोधन गर्ने योजना तथा कार्यक्रम सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिकाको सोह्रौ नगर सभाको हिउँदे अधिवेशनमा पेश गर्नुपर्ने / संशोधन गर्नु पर्ने योजना /कार्यक्रम/ कार्यविधि/ विषयवस्तु भए २०८१।०८।३० गते कार्यालय समयभित्र विवरण उपलब्ध गराउन शाखा/उपशाखा/वडाहरूलाई जानकारी गराउने निर्णय गरियो।

५. **जिल्ला समन्वय समिति कपिलवस्तुबाट योजना माग सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिका र जिल्ला समन्वय समिति, कपिलवस्तुको साझेदारीमा निम्नलिखित योजनाहरू सञ्चालनको लागि जिल्ला समन्वय समितिमा प्रस्ताव गर्ने निर्णय गरियो।

**तपिसल:**

| क्र.स. | योजनाको नाम | ठेगाना | साझेदारी रकम रू. | | |
|---|---|---|---|---|---|
| | | | जि.स.स. | न.पा. | कुल जम्मा |
| १ | ३ नं. वडा कार्यालय भवन | वडा नं. ३ | ४० लाख | ७५ लाख | १ करोड १५ लाख |

६. **कार्यविधि सम्बन्धमा।**

**निर्णय:** बुद्धभूमि नगरपालिकामा उपेक्षित उष्ण प्रदेशिय रोग प्रभावित नागरिकका लागि स्वयम् हेरचाह समूह गठन, व्यवस्थापन तथा परिचालन सम्बन्धी कार्यविधि, २०८१ लाई स्वीकृत गर्ने निर्णय गरियो।

बुद्धरमण पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

७. गाउँ ब्लक जग्गाको नापी सम्बन्धमा।

**निर्णय:** नापी कार्यालय, तौलिहवा कपिलवस्तुबाट यस बुद्धभूमि नगरपालिकामा गाउँ ब्लक जग्गाको नापी नक्सा गर्नुपर्ने भएकोले नापी कार्यालय, तौलिहवा कपिलवस्तुबाट खटिने जनशक्तिको लागि वडा नं. ५ मा आवास सुविधा सहित कार्यालय व्यवस्थापन भएकोमा नापी कार्यलाई थप व्यवस्थित बनाउदै लैजाने निर्णय गरियो।

८. नगर स्तरीय खेलकुद सम्बन्धमा।

**निर्णय:** नगरस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड तथा मेयरकप प्रतियोगिता- २०८१, मिति २०८१।०८।२५ गते देखि २०८१।०८।२९ गते सम्म सञ्चालन गरिने भएको हुँदा उक्त कार्यक्रमलाई व्यवस्थित ढंगबाट सम्पन्न गर्ने निर्णय गरियो।

९. Wash Plan प्राथमिकीकरण सम्बन्धमा।

**निर्णय:** लुम्बिनी प्रदेश सरकारको शहरी विकास तथा खानेपानी मन्त्रालयबाट प्राप्त Wash Plan तथ्यांक प्राथमिकीकरण गरी प्रदेश सरकारको शहरी विकास तथा खानेपानी मन्त्रालयमा पठाउने निर्णय गरियो।

३. स्थानीय तह संस्थागत क्षमता स्व:मूल्यांकन सम्बन्धमा।

**निर्णय:** बुद्धभूमि नगरपालिकाले आ.व. २०८०।०८१ मा सम्पादन गरेका काम कारवाहीलाई व्यवस्थित, योजनावद्ध, प्रभावकारी, जनताले अनुभूत गर्ने गरी सम्पादन गर्ने अवस्थाको श्रृजना गर्ने/गराउने प्रयोजनका लागि स्थानीय तह संस्थागत क्षमता स्व-मुल्याङ्कन कार्याविधि, २०७७ (Local Government Institutional Capacity Self-Assessment (LISA) जारी भई कार्यान्वयनमा आएको हुँदा उक्त कार्यविधिमा उल्लेखित विषयवस्तुमा क्षेत्रगतरूपमा नगरपालिकाले सम्पादन गरेका कार्यहरूको स्व-मुल्याङ्कन गर्ने व्यवस्था अनुसार बुद्धभूमि नगरपालिकाबाट सम्पादित कार्यहरूको समिक्षा गर्दा तपसिल बमोजिमको विवरण भएको पाइयो। साथै आवश्यक निर्णयका लागि जिल्ला समन्वय समितिमा पठाउने र अन्तिम निर्णय प्राप्त पश्चात नतिजा सार्वजनिक गर्ने र आगामी दिनमा विभिन्न क्षेत्रहरूमा थप सुधारहरू गर्दै सेवा प्रवाह प्रभावकारी गर्दै जाने निर्णय गरियो।

तपसिल:

| क्र.स. | विषय क्षेत्र | अङ्क भार | प्राप्ताङ्क | प्रतिशत |
|---|---|---|---|---|
| १ | शासकीय प्रवन्ध | ९ | ८.५ | |
| २ | संगठन तथा प्रशासन | ८ | ७.५ | |
| ३ | वार्षिक बजेट तथा योजना व्यवस्थापन | ११ | ९.५ | |
| ४ | वित्तीय एवम् आर्थिक व्यवस्थापन | ११ | १० | |
| ५ | सार्वजनिक सेवा प्रवाह | १६ | १४ | |
| ६ | न्यायिक कार्य सम्पादन | ७ | ७ | |
| ७ | भौतिक पूर्वाधार | १३ | १० | |
| ८ | सामाजिक समावेशीकरण | १० | ९ | |

| | | | | |
|---|---|---|---|---|
| ९ | वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ९ | ५ | |
| १० | सहकार्य र समन्वय | ७ | ६ | |
| | *कुल जम्मा* | १०० | ८६.५ | |

## ४. विविध।

**क) ३ नं. वडा कार्यालय भवन निर्माण सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको वडा नं. ३ मा वडा कार्यालय भवन निर्माण गर्नु पर्ने भएकोले बुद्धभूमि नगरपालिका वडा नं. ३ गाउँ पञ्चायत दुवियाको कित्ता नं. ६७८ क्षेत्रफल ०-१-२-० को जग्गामा वडा कार्यालय भवनको DPR तयार गर्न भवन तथा बस्ती विकास शाखाबाट लागत अनुमान तयार भई आएको हुँदा रू. ३ लाख ५० हजार विनियोजन गरी कार्यान्वियन गर्ने निर्णय गरियो।

**ख) सिचाई तर्फ लागत साझेदारी सम्बन्धमा।**

**निर्णयः** बुद्धभूमि नगरपालिकाको पन्ध्रौं नगरसभाबाट शिर्षक नं. ३.२ सिचाई कार्यक्रम अन्तर्गत विनियोजन भएका तपसिल बमोजिमका योजनाहरूलाई लागत साझेदारी (नगरपालिका ७० र जनसहभागिता ३० प्रतिशत) कार्यक्रमको रूपमा परिमार्जन गर्ने साथै योजना सञ्चालनको लागि सार्वजनिक सूचना आह्वान गरी इच्छुक संघसंस्था, समूह, फर्म, सामुदायिक वन, व्यक्तिहरूबाट निवेदन माग गरी कार्यपालिकाबाट लाभग्राही छनौट गरी कार्यक्रम सञ्चालन गर्न ७ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो।

| क्र. सं. | योजनाको नाम | वडा नं. | रकम | | |
|---|---|---|---|---|---|
| | | | न.पा. | उ.स. | जम्मा |
| | **लागत सहभागिता ७०/३० कार्यक्रम** | | | | |
| १ | स्याले ट्यूबेल तथा मोटर जडान | वडा नं. ३ | ५००००० | २१४२८६ | ७१४२८६ |
| २ | स्याले ट्यूबेल तथा पाइपलाइन विस्तार पूर्वजोतपुर | वडा नं. ४ | ५००००० | २१४२८६ | ७१४२८६ |
| ३ | स्याले ट्यूबेल तथा मोटर जडान | वडा नं. ६ | ५००००० | २१४२८६ | ७१४२८६ |
| ४ | स्याले ट्यूबेल तथा मोटर जडान | वडा नं. ७ | ५००००० | २१४२८६ | ७१४२८६ |
| ५ | स्याले ट्यूबेल तथा मोटर जडान | वडा नं. ८ | ५००००० | २१४२८६ | ७१४२८६ |
| ६ | स्याले ट्यूबेल तथा मोटर जडान (नगर प्रमुखको सहमतिमा) | नगरस्तरीय | १०००००० | ४२८५७२ | १४२८५७२ |

ग) विपद् व्यवस्थापन सम्बन्धमा।

**निर्णयः** चिसो मौषम र हुन सक्ने शितलहर समेतलाई मध्यनजर गरी नगरपालिका क्षेत्र भित्रका वर्थिङ्ग सेन्टरहरू तथा चोक, चौराहाहरूमा दाउरा खरिद गरी ढुवानी व्यवस्था समेत मिलाउनको लागि नगरपालिकाको टिप्पर र व्याक हो लोडर प्रयोग गर्ने तथा उक्त सवारी साधनलाई इन्धनको लागि विपद् व्यवस्थापन शिर्षकबाट भुक्तानी हुने गरी खर्च गर्ने निर्णय गरियो।

पुरोमणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

केशव कुमार श्रेष्ठ
नगर प्रमुख

घ) विद्यालय भवन निर्माण सम्बन्धमा ।

**निर्णयः** बुद्धभूमि नगरपालिकालाई नेपाल सरकार शिक्षा तर्फ भवन निर्माण शिर्षकमा रू. १ करोड ६५ लाख रकम विनियोजन भएकोले लागत अनुमान बमोजिम भवन निर्माणको लागि अपुग रकम नगरपालिकाको अन्य संघसंस्था/निकाय/समुदायसँग साझेदारी कार्यक्रम तर्फ विनियोजन गरिएको रू. ५० लाख थप गर्दा समेत प्राविधिक लागत अनुमान बमोजिमको रकममा देखिएको अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी आन्तरिक स्रोतबाट सुनिश्चितता गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

ङ) मानपुर स्वास्थ्य चौकीको वाउण्डरी वाल निर्माण सम्बन्धमा ।

**निर्णयः** बुद्धभूमि नगरपालिकाको वडा नं. ७ मानपुर स्वास्थ्य चौकी अधुरो वाउण्डरी वाल निर्माणका लागि पन्ध्रौं नगरसभाबाट १२ लाख विनियोजन भएकोमा प्राविधिक लागत अनुमान बमोजिमको रकममा देखिएको अपुग रकम आगामी नगरसभाबाट अनुमोदन हुने गरी आन्तरिक स्रोतबाट सुनिश्चितता गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

चुडामणी पन्थी
प्रमुख प्रशासकीय अधिकृत

२०८१।०८।१८
केशव कुमार श्रेष्ठ
नगर प्रमुख